# कामना सेवा विकास बैंक लि.
# Kamana Sewa Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः** पोखरा लेखनाथ-८, सृजनाचोक, कास्की

फोन : ०६१-५३९६७२, ५३९६७३ फ्याक्स : ०६१-५३७४९९


## घर भाडामा लिने सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०७४/०९/०१

कामना सेवा विकास बैंक लिमिटेडका प्रस्तावित शाखा कार्यालयहरु सञ्चालनको लागि तपसीलमा उल्लेखित स्थानहरुमा घर भाडामा लिनु पर्ने भएकोले ईच्छुक घरधनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको केन्द्रीय कार्यालय पोखरा लेखनाथ-०८, सृजनाचोक, कास्की वा शाखा कार्यालय बुटवल-०६, पुष्पलालपार्कमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नु हुन अनुरोध छ। निवेदनको ढाँचा बैंकको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**(क) घर भाडामा चाहिएको स्थान र क्षेत्रफल सम्बन्धी विवरण** :

**(१) स्थानहरु** :

क) कुश्मा नगरपालिका वडा नं. ५, बडागाँउ, पर्वत।

ख) लमही नगरपालिका वडा नं. ५, कोइलाबास सडक, दाङ।

ग) गोदावरी नगरपालिका वडा नं. १, अत्तरीया, महेन्द्रनगर रोड, कैलाली।

घ) सुन्दरबजार नगरपालिका वडा नं. ७, मुख्यबजार, लमजुङ्ग।

**(२) घरको तलाको क्षेत्रफल : १००० देखि १,५०० वर्ग फिटसम्मको हुनु पर्नेछ।**

**(ख) शर्तहरु** :

१) भाडामा दिने घर आरसिसि फ्रेम स्ट्रक्चरसहितको पक्कि हुनु पर्नेछ।

२) भाडामा दिन चाहेको घरमा कार्यालयको लागि आवश्यक पर्ने पानी, बिजुली, ढल निकास, पार्किङ, जेनेरेटर राख्ने ठाउँ लगायतका सुबिधा भएको हुनु पर्नेछ।

३) घर मूल सडकसंग जोडिएको वा मूल सडकसंग सहज पहुँच भएको निर्विवाद स्वतन्त्र र न्यूनतम २० फिटको बाटो हुनुपर्नेछ।

४) घरको बाहिरी बनावटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता अनुसार तोडमोड गरी स्वरुप परिवर्तन गर्नु पर्ने हुँदा सोको लागि घरधनी सहमत हुनु पर्नेछ।

५) कम्तिमा १० वर्ष सम्मका लागि घर भाडामा दिन घरधनी सहमत हुनु पर्नेछ र सम्झौता गर्ने समयमा घर खाली भई सकेको हुनु पर्नेछ। कथंकदाचित १० वर्ष सम्म घर भाडामा दिन अप्ठेरो भएमा दुवै पक्षको आपसी सहमतीमा अवधि निर्धारण गर्न सकिनेछ।

६) बैंकले बिनारोकतोक स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने क्षेत्रफल कम्तिमा १००० वर्ग फिट भन्दा बढीको हुनु पर्नेछ। भुँइतला सहितको घरलाई विशेष प्राथमिकता दिइनेछ।

७) बैंकले भाडामा लिने घरमा ३ फेज लाइन तथा संचारको लागि आवश्यक उपकरणहरु जडान गर्नु पर्ने भएकोले सोको लागि घरधनी सहमत हुनु पर्नेछ।

८) भाडामा दिने घरको बीमा घरधनीले नै गरी बीमालेख बैंकलाई बुझाउनु पर्नेछ।

९) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषयवस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ।

१०) परेका निवेदनहरु मध्यबाट बैंकले उपयुक्त घर भाडामा लिन छनौट गर्ने हुँदा निवेदक घरधनीले के कती कारणले आफ्नो घर भाडामा नलिएको हो भनी कुनै विवाद वा किचलो गर्न पाइने छैन।

११) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धी सम्झौता गर्दा दुई पक्षको सहमतीमा तय गरिनेछ।

**(ग) निवेदनसंग संलग्न गर्नुपर्ने कागजातहरुः**

१) घरधनीको नागरिकताको प्रमाणित प्रतिलिपि

२) लालपुर्जा, तिरो/एकीकृत सम्पत्तिकर बुझाएको रसिदको प्रमाणित प्रतिलिपि

३) नियमअनुसार सम्बन्धित निकायबाट स्वीकृत घरको नक्शापास तथा घर निर्माण सम्पन्न कागजको प्रमाणित प्रतिलिपि

४) रितपूर्वक भरेको निवेदन फाराम।

**नोटः रित नपुगी र म्याद नाघी आएका निवेदनउपर कुनै कारवाही हुने छैन।**